# आदर्श गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

प.सं. :- ०७४/०७५

च.नं. :-

पश्चिम चौकी, मौवा नगरदह, डोटी
७ नम्बर प्रदेश, नेपाल

मिति :- २०७५/०१/०५

### सवारी साधन आपूर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति : (२०७४/११/ १३ गते )

(दोश्रो पटक प्रकाशन मिति : (२०७५/०१/ ०५ गते )

१) यस गाउपालिकालाई आवश्यक पर्ने तपसिलमा उल्लेख यान्त्रिक उपकरण सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको छुट्टाछुट्टै बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

२) यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा सम्बन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र, उत्पादक फर्म वा कम्पनीलाई प्राप्तAuthorization Letterको प्रमाणित प्रतिलिपी नियमानुसार को तपसिलमा उल्लेख बोलपत्र दस्तुर सिलगढी, डोटी स्थित राष्ट्रिय वाणिज्य बैंकमा रहेको राजश्व खाता.हि.नं. ४१००३०४०१८१०९ (पछि फिर्ता नहुने गरी) मा जम्मा गरेको बैंक भौचर निवेदन साथ पेश गरेपछी नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ।

३) खरिद गरिएका बोलपत्र फारमको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी दोश्रो पटक सूचना प्रकाशित भएको मितिदेखि १६ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउन सकिने छ।

४) बोलपत्र फारम साथ जमानत वापतको रकम यस गाउपालिका कार्यालयको नाममा सिलगढी, डोटी स्थित राष्ट्रिय वाणिज्य बैंकमा रहेको धरौटी खाता.हि.नं. ४१००३०३००७१०९ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको राजस्व शाखामा दाखिला गरेको नगदी रसिद वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मितिदेखि) नेपाल सरकारको मान्यता प्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ। यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा बिडबण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ।

५) दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा १६ औं दिनको २:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

६) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन। बोलपत्रमा प्रत्येक आईटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

७) यस सूचनामा उल्लेख भएका कुराहरु यसै सूचना बमोजिम र उल्लेख नभएका कुराहरु बोलपत्र फाराम साथ उपलब्ध हुने सूचना तथा शर्तहरु एवं प्रचलित ऐन नियमानुसार हुनेछ।

८) एक व्यक्ति वा फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन।

९) कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकाको कार्यालयमा निहित हुनेछ।

१०) बोलपत्र स्विकृत भएमा कबोल अंकको ५ प्रतिशतले हुन आउने धरौटी रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १ वर्ष म्यादभएको कार्य सम्पादन जमानत (परफरमेन्स बण्ड) पेश गर्नुपर्नेछ।

११) अन्य कार्यविधिहरु स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ (संशोधित), तथा सार्वजनिक खरिद नियमावली, २०६४(संशोधित), अनुसार हुनेछ।

१२) बोलपत्र सम्बन्धी थप जानकारीका लागी सम्पर्क नं.: ९८४६१९१७५९,९८४८४३१६३८, ९८४८४३४६४० मा वा आदर्श गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ।

| बोलपत्र/ठेक्का नं. | सामान/उपकरणको नाम | आवश्यक संख्या | बोलपत्रफारम दस्तुर रु. | जमानत रकम, रु. |
|---|---|---|---|---|
| 1-074/75-VHCL-ARMO | 4WD Double Cab Pickup ( बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३,०००/- | ६०,००० |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत